# नेपाल बार एशोसिएशन

रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेल: neba@nepalbar.org
neba@nepalbar.org.np
वेब: www.nepalbar.org
www.nepalbar.org.np


प.सं. २३१/०७८-७९

मिति: २०७८ असार १५ गते ।


केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सचिव
मनोजकुमार चौधरी

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी


**श्री अध्यक्षज्यू**
**सर्वोच्च अदालत बार / उच्च अदालत बार / जिल्ला अदालत बार**
**नेपाल बार एशोसिएशन ।**

विषय :- सदस्यता नवीकरण सम्बन्धमा ।

महोदय,

नेपाल बार एशोसिएशनको विधान, २०४८ को धारा ७(२) मा "हरेक वर्षको असार महिना भित्र वार्षिक सदस्यता शुल्क बुझाई सदस्यता नवीकरण गर्नु पर्नेछ । तर केन्द्रीय कार्यसमितिको निर्वाचन हुने वर्ष बाहेक अन्य वर्षमा कार्यसमितिले उपयुक्त ठहराएमा त्यसपछि पनि वार्षिक शुल्क बुझि लिई सदस्यता नवीकरण गरी दिन सक्नेछ" भन्ने उल्लेख भएको ब्यहोरा अवगत नै छ ।

२०७८ सालमा सम्पन्न हुने नेबाएको निर्वाचनमा सहभागी हुन चाहने सम्पूर्ण सदस्य मतदाताले आफ्नो बार एकाईको सदस्यता आ.ब. २०७७/०७८ र २०७८/७९ को सदस्यता नवीकरण गर्नुपर्ने हुन्छ । सो क्रममा आ.व. २०७७/०७८ मा नवीकरण भएको सदस्यहरुको यस आ.ब.को लागि असार मसान्तभित्र *(आ.ब. २०७८/०७९ को लागि)* सदस्यता नवीकरण कार्य सम्पन्न गर्नुपर्ने हुन्छ ।

विधानको दफा ५(ख) अनुसार **वरिष्ठ अधिवक्ता र अधिवक्ताको हकमा नेपाल कानून व्यवसायी परिषद्मा सदस्यता अद्यावधिक समेत गराएको हुनुपर्ने प्रष्ट प्रावधान रहेको जानकारी गराउँदछौं ।**

अतएव: उपरोक्त प्रावधानको पालनाका साथ तहाँ एकाइमार्फत् सदस्यहरुको सदस्यता नवीकरण कार्य २०७८ असार मसान्तभित्र सम्पन्न गरी विधान अनुरुप सोही अवधि भित्र वार्षिक सदस्यता शुल्क वापतको रकम सम्बन्धित एकाइको बैंक खातामा जम्मा गरेको बैंक भौचर र बैंक स्टेटमेन्टको फोटोकपी, सदस्यहरुको प्रमाणपत्र संख्या सहितको नामावली, आ.व. २०७८/०७९ को वार्षिक सदस्यता शुल्कको २५% शुल्क समेत बैंक जम्मा गरेको भौचर सहित पठाइदिनुहुन अनुरोध गर्दछौं ।

**उक्त विवरण र सूची २०७८ साउन १५ गते भित्र अनिवार्यत: नेबाएसमक्ष दाखिल गर्नुपर्ने व्यहोरासमेत सादर अनुरोध गर्दछौं ।**

| पद | सदस्यता शुल्क |
|---|---|
| सम्पूर्ण वरिष्ठ अधिवक्ता | रु. १०००/- |
| १५ वर्ष नाघेका अधिवक्ता (प्र.प.नं. १ देखि १०९२४) | रु. ६००/- |
| ५ वर्ष नाघेका र १५ वर्ष ननांघेका अधिवक्ता (प्र.प.नं. १०९२५ देखि १५२०७) | रु. ४००/- |
| ५ वर्ष ननांघेका अधिवक्ता (प्र.प.नं. १५२०७ देखि माथि सबै) | रु. २००/- |
| सम्पूर्ण अभिवक्ता र अभिकर्ता | रु. २००/- |

अधिवक्ता लीलामणि पौडेल
महासचिव

नोट :-

*१. नेबाएको खाताहरु- राष्ट्रिय बाणिज्यं बैंक लि., पुतलीसडक शाखा चल्ति खाता नं. ११३०१०००४३०६००१ र बैंक अफ काठमाण्डू लि., कमलपोखरी शाखाको चल्ति खाता नं. ०१०००००६००१२५२४ मा रकम दाखिला गरि भौचर अनिवार्य रुपमा पठाउनु पर्नेछ ।*

*२. नेबाएको विधान बमोजिम सदस्यता शुल्कको ७५ प्रतिशत आ-आफ्नो बार एकाईमा जम्मा गर्नुपर्ने र २५ प्रतिशत रकम नेबाएमा बुझाउनु पर्ने ।*